# आ.व. २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन, २०८२

कार्यक्रम मितिः २०८२।०४।०५

कार्यक्रमको अध्यक्षः गाउँपालिका अध्यक्ष श्री विर्ख बहादुर विष्ट

प्रस्तुतकर्ताः प्रमुख प्रशासकीय अधिकृतःश्री दिपक बुढाथोकी

## सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## सिम्ली, रुकुम (पश्चिम भाग ) कर्णाली प्रदेश, नेपाल

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

**पृष्ठभुमिः** सानीभेरी गाउँपालिका सिम्ली रुकुम पश्चिम, कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०८१/८२ को गाउँपालिका कार्यालय, विषयगत, शाखा र इकाई कार्यालय तथा फाँटहरु र वडा कार्यालयहरुले सुझाव पेश सहित समिक्षा गरियो । जसको लक्ष गत बर्षको कमजोरीवाट शिक्षा लिने र बर्तमानको चालु योजना कार्यान्वयनमा नीतिगत ब्यवस्था, कानूनी मान्यताको आधारमा कार्यपालिका लगायत मान्यता प्राप्त संस्थाको निर्णय गरी ठोस जिम्मेवरीका साथ संविधान, ऐन कानूनले गाउँपालिकालाई दिएको क्षेत्राधिकार भित्र रही सिमित स्रोत साधनलाई अधिकतम नतगरिकको प्रभावकारी सेवा, बिकास, समृद्धि र सुशासन कायम गर्न तिव्र इच्छा शक्ति भएको जनशक्ति र चुस्त-दुरुस्त संगठन संरचनाको सफलता उसको गतिशिलता र चलायमानताले निर्भर गर्दछ । संगठनको गतिशिलताको लागि समय समयमा यसका विविध पक्षहरु(सबल पक्ष, दुर्बल पक्ष, लक्ष्य, प्रगति, समस्या, चुनौति तथा आगामी योजना) बारे समय समयमा समीक्षा र छलफल हुनु आवश्यक छ। अर्को शव्दमा भन्दा कुनै पनि संगठनको सफलताको लागि SWOT(Strength, Weakness, Opportunity and Threat) Analysis गर्नु जरुरी हुन्छ।यसै कुरालाई मध्यनजर गर्दै सानीभेरी गाउँपालिका अन्तर्गत सम्पूर्ण शाखा, इकाई, फाँट, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु, गाउँपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु र गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु बिच आर्थिक वर्ष २०८१/८२ को वार्षिक समिक्षा र आर्थिक वर्ष २०८२/८३ को कार्य योजना निर्माण सम्बन्धी कार्यक्रम मिति २०८२ श्रावण ०५ गते सम्पन्न भयो । कार्यक्रममा गत आ.व. को समिक्षा र चालु आ.व. को बजेट कार्यान्वयनका लागि कार्य योजना निर्माण गरियो ।समिक्षा कार्यक्रममा उठेका विषयवस्तु र सुझावहरुलाई संक्षिप्तमा देहायबमोजिम क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ।

## प्रमुख प्रशासकीय अधिकृत

१. गाउँपालिकाको दिगो योजना बैंक र मध्यमकालिन खर्च संरचनालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

२. प्रभावकारी सेवाको लागि वडा कार्यालय र विषयगत कार्यालयहरुको आफ्नै भवन निर्माण नहुनु ।

३. कृषि तथा पशुजन्य उत्पादनलाई बजारीकरण र निर्यात गर्न समस्या हुनु।

४. विकासे योजना निर्माण गर्न उपभोक्ता समितिहरुलाइ सक्रिय गर्न र श्रमदान जुटाउन समस्या रही आएको।

५.

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

६. उपभोक्ता समिति बाट हुने विकास निर्माणको काममा जनसहभगिता जुट्न नसकेको ।

७. अनुभवको कमी, वडा कार्यालयको तदारुपता र उपभोक्ता समितिहरुको सक्रियताको करणले समयमा विकास निर्माणका कार्यहरु सम्पन्न हुन नसकेको ।

८. संघ र प्रदेश सरकार वाट स्थानीय तहलाई प्राप्त योजना र वजेटको आधिकारिक अख्तियारी समयमा नआउँदा काम गर्न ढिलाई र अन्यौल भएको ।

९. स्थानीय तहका अधिकार क्षेत्रहरु बुझ्न बुझाउन र दृढता पूर्वक कार्यान्वयन गर्न समस्या आएको ।

१०. पर्याप्त आर्थिक स्रोतको अभाव साथै आन्तरिक आयलाई वृद्धि गर्न नसक्नु ।

११. विवाह सम्वन्धि देवानी संहिता लागु गरी बाल विवाह न्युनिकरण गर्न चुनौती भएको ।

१२. विकासे योजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्नु ।

१३. खानेपानी एक घर एक धारा पुऱ्याउने नीति कार्यान्वयन गर्न बजेटको अभाव भएको ।

१४. सवै घरधुरीमा विद्युतीय पहुँच पुऱ्याउन केन्द्रीय लाइन भएता पनि काम पुरा नभएको, साना लघु जलविद्युत सवै काठको पोल वदल्नुपर्ने अवस्था आएको ।

१५. कृषि तथा पशुपन्छी विकास क्षेत्रमा योजनावद्ध लगानी, उत्पादन र वजार व्यवस्थापनमा परिणाममुखी काम नभएको ।

१६. शिक्षा सुधार र गुणस्तर कार्यक्रम प्रभावकारी र निरन्तरतामा चुनौती आएको ।

## आगामी आ.व. २०८२।८३ मा ध्यान दिनु पर्ने कुरा

१. आन्तरिक आय स्रोत वृद्धि गर्ने ।

२. स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गर्ने ।

४. स्वास्थ्यमा सबैको दिगो पहुँच र गुणस्तर सुनिश्चित गर्ने ।

५. कृषि र पशु तर्फका कार्यक्रमहरुलाई जनताको आवश्यकता पूर्ति, रोजगारी प्रवर्द्धन र निर्यातमुखी बनाउने ।

६. नीतिगत र कानुनी व्यवधानको अन्त्य गर्ने ।

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

७. सडकको विस्तार भन्दा पनि स्तरोन्नति गर्ने ।

**निष्कर्षः** समग्रमा समिक्षा कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को समग्र पक्षको बारेमा विभिन्न शाखा, फाँट तथा इकाईबाट प्रगति प्रतिवेदन, काम गर्दा आएका समस्या तथा चुनौति र आगामी दिनमा गर्नुपर्ने कार्यहरुका बारेमा संक्षिप्तमा सुझाव प्रस्तुतिकरण भयो। त्यसैगरी गाउँपालिकाले आफ्नो लक्ष्य हाँसिल गर्नका लागि जनप्रतिनिधि, कर्मचारी लगायत समग्र रुपमा गाउँपालिकाको टिम अग्रसर भएर लाग्नुपर्ने कुरामा समेत समझदारी र छलफल भयो। गाउँ कार्यपालिका र गाउँ सभाबाट भएका नीति, कार्यक्रम र योजनाहरुलाई सम्बन्धित सबै सरोकारवालाहरुको सहभागितामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको खण्डमा **समृद्ध गाउँपालिका, सुखी गाउँवासी**को नारालाई साकार पार्न सकिन्छ। अन्त्यमा यस्तो प्रकृतिको कार्यक्रमलाई बिगतमा गरिएको आगामी दिनमा पनि नियमित रुपमा अझ बढी प्रभावकारी बनाएर सञ्चालन गर्न आवश्यक देखिन्छ । धन्यवाद छ ।

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

## आर्थिक वर्ष २०८१/८२ कार्य प्रगती विवरण

### (क) आर्थिक विकास

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| कृषि | • उत्पादनमा आधारित अनुदान प्रणाली सुरुवात भएको जसले गर्दा नक्कली किसान र बिचौलियाको अन्त्य भएको।<br>• कृषि ब्यवसाय प्रर्वधन कार्यक्रम अन्तरगत विभिन्न कृषि समूह तथा सहकारी समूहले मागका आधारमा प्रस्ताव पेश गरी लागत साझेदारीमा कार्यक्रम संचालन गरिरहेका ।<br>• तरकारी पकेट कार्यक्रम<br>• कृत्रिम गर्भधान मिसन कार्यक्रमबाट मुर्रा भैंसी र जर्सी गाइको सिमेन र तरल नाइट्रोजन खरिद<br>• बाख्रा र भैसीमा थुनिलो रोग उपचारको लागि नमुना संकलन गरी सुर्खेतको पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पठाइ सो अनुरुपको उपचार<br>• पशु आहार तथा स्वास्थ्य ब्यवस्थापनका लागि प्रोबायोटिक तथा घाँसको विउ विरुवा वितरण संकलन गरिएको ।<br>• बाख्राको महामारीको रुपमा चिनिने पिपिआर रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन<br>• ९०२१ पशुपंक्षीको उपचार गरिएको<br>• सुत्केरी भैसी स्याहार कार्यक्रम लागु<br>• वसन्ते तरकारी वाली सिमी, बोडी र भीण्डी को मिनीकिट ४००० घरधुरीलाई वितरण<br>• राष्ट्रिय फल सुन्तला तथा क्षेत्रविस्तार कार्यत्रम लागु<br>• सिन्दुरे रोग नियन्त्रणका लागि एकिकृत कृषि प्रयोगशालासँग समन्वय गरी निशुल्क रुपमा किसानहरुलाई विषादी वितरण<br>• सानिभेरी गाउँपालिका अन्तर्गत दर्ता भएका समूहको गहुँ बाली लगाइने क्षेत्रफल अध्यावधिक गरिएको<br>• NAFHA परियोजना अन्तर्गत फलफूल क्षेत्रविस्तार कार्यत्रमका लागि किसानहरुको छनोट गरि परियोजनासँग सम्झौता गरिएको NAFHA परियोजना अन्तर्गत अगुवा कृषक छनोट गरी प्रतिवेदन परियोजनालाई पेश गरिएको ।<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत विषादी खरिद गरी ५०% अनुदानमा ३०० जना किसानहरुलाई वितरण गरिएको<br>• कृषि हाटबजार थालनी गरिएको ।<br>• उन्नत वीउ विजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत बर्खे सिजनका तरकारी बीउ (मुला, धनियाँ, केराउ) को मिनीकिट ४५००घरधुरीलाई वितरण गरिएको<br>• कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम अन्तर्गत वसन्ते तरकारी वाली (सिमी, बोडी र भिण्डी) को मिनीकिट ४,००० घरधुरीलाई वितरण<br>• उन्नत वीउ विजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत उन्नत जातको (मनकामना ३ र देउती) मकै बीउ खरिद गरी प्रत्येक वडामा वितरण गरिएको |

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

| | |
|---|---|
| | • सिन्दुरे रोग नियन्त्रणका लागि एकिकृत कृषि प्रयोगशालासँग समन्वय गरी निशुल्क रुपमा किसानहरुलाई विषादी वितरण गरिएको<br>• उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत विभिन्न बालिहरु जस्तै फलफूल तरकारी मसलाबाली मह आदिमा अनुदान प्रदान गरिएको<br>• राष्टिय फल सुन्तला तथा बगैंचा क्षेत्रविस्तार कार्यक्रम अन्तर्गत सुन्तलाको क्षेत्रविस्तारको लागि किसानहरुसँग सम्झौता भएर काम अगाडि बढेको ।<br>• BEE group सँगको सहकार्यमा वडा नं १ र २ मा किसानहरुलाई रैथाने वाली प्रवर्धन कार्यत्रममा, कृषक पाठशाला र उन्नत मकै बीउ उत्पादन प्रविधि तालिममा सहजिकरण गरिएको |
| **उद्योग वाणिज्य** | • उद्यमी निर्माणका लागि सीप विकास तालिम सञ्चालन<br>• इन्टरलकिङ इट्टा तथा ढुङ्गा काट्ने मेसिन<br>• विद्युतीइ घट्ट<br>• महिला उद्यमी उत्पादनका लागि प्रविधि हस्तान्तरण<br>• सिलाइ कटाइ तालिम तह-२ संचालन २ वटा वडा नं ११ र २<br>• बाख्रा पालन सम्वन्धी आधारभुत तालिम<br>• सानीभेरी -६ अल्लो धागो उत्पादनका लागि सीप विकास तालिम १ वटा<br>• ताजा तरकारी खेती तथा बेमौसमी तरकारी खेती सम्वन्धी सीप विकास तालिम १ वटा<br>• पाउरोटी उद्योगलाइ लागत साझेदारीमा संचालन<br>• गार्मेन्ट उद्योग संचालन भइ तयारी पोशाक तयार गरिरहेको<br>• १० जनालाइ खुट्टे चर्खा वितरण<br>• उद्यमशिलता विकास तालिम सानीभेरी गा.पा.-६<br>• हाते ट्याक्टर मर्मत तालिम सानीभेरी -९<br>• एडभान्स सिलाइकटाइ तालि सानीभेरी १० र ११<br>• नयाँ दर्ता गरिएका ब्यवसाय ४६ वटा<br>• नवीकरण गरिएका ब्यवसाय ३१ वटा<br>• दर्ता खारेज गरिएका ब्यवसाय १६ र १ वटा ब्यवसाय नामसारी गरिएको छ । |
| **पर्यटन** | • होम स्टे तालिम संचालन<br>• दहनेटा फट्के त्रिशुलगारे पर्यटकीय पदमार्ग तथा विश्रामस्थल निर्माण<br>• भेरी दह संरक्षणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको । |
| **सहकारी** | • गाउँपालिकामा २१ वटा सहकारी संस्थाहरु दर्ता भई सञ्चालनमा रहेको<br>• सहकारी नियमन सम्बन्धी कार्यक्रम सञ्चालन<br>• सहकारी ब्यवस्थापन सम्वन्धी तालिम<br>• गाउँपालिकाको साझेदारीमा सहकारी मार्फत सस्तो पसल संचालन |

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

| | |
|---|---|
| वित्तीय क्षेत्र | • सबै नागरिकको बैक खाता खोल्न लक्ष्मी सनराइज बैक संग समन्वय भएको |
| रोजगारी सिर्जना | • २२ वटा सामुदायिक आयोजना मार्फत २५० जनालाइ १०० दिनको रोजगारी सिर्जना ।<br>• १० वटा श्रम स्वीकृति<br>• ३ जनालाइ बैदेशिक रोजगारीमा गएका सन्नततिलाइ छात्रवृत्ति<br>• ७७ जनालाइ सामाजिक सुरक्षा कोषमा आवद्ध<br>• रोजगार संवाद मन्च संचालन |

**(ख) सामाजिक विकास**

| क्षेत्र | प्रमुख उपलब्धि |
|---|---|
| शिक्षा | • भेरी दोभान मावि चाइनाबगर शितल मावि पत्रैया जनप्रिय आवि भण्डारवन सानीभेरी मावि बलिबाङ कालिका आवि घामताप्ने कालिका आवि फुक्रु जनसहयोग आवि माथिल्लो आमडाँडा सरस्वती मावि अर्माडाँडा जनकल्याण मावि बागखोर लगायतका विद्यालय भवनको पुनसंरचना काम तीव्र रुपमा अगाडी बढेको।<br>• प्रधानाध्यापक बैठक सञ्चालन, शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन,<br>• विद्यालयमा विज्ञान प्रयोगशाला र १ वटा विद्यालयमा पुस्तकालय स्थापना<br>• विद्यालय लेखा ब्यवस्थापन , प्रधानाध्यापक नेतृत्व सीप क्षमता विकास तालिम, IEMIS तालिम ,बालविकास सहजकर्ताका लागि ब्यवस्थापकीय सीप क्षमता विकास तालिम<br>• शैक्षिक सुधार कार्यदल गठन गरी उक्त कार्यदले शैक्षिक गुणस्तर सुधारका लागि पेश गरेको प्रतिवेदन कार्यन्वयनको चरणमा रहेको ।<br>• विद्यालय निरीक्षण, अनुगमन तथा कक्षा अवलोकन(मासिक रुपमा)<br>• नियमित प्रधानाध्यापक बैठकहरु सञ्चालन<br>• शिक्षा समिति बैठक सञ्चालन<br>• अपाङ्गताको प्रारम्भिक पहिचान र सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन सम्बन्धी प्र.अ. अभिमुखिकरण कार्यक्रम सञ्चालन<br>• अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Sreening) सम्बन्धी शिक्षक तालिम सञ्चालन<br>• सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन सम्बन्धी शिक्षक तालिम सञ्चालन<br>• सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयनका लागि Pre Test and Post Test सञ्चालन तथा नतिजा प्रकाशन |

कार्यपालिकाको सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

| | |
|---|---|
| | • सिकाइ आपूरण तथा द्रुत सिकाई योजनाको नतिजा र प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मका विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचानको विवरण IEMIS मा प्रविष्ट<br>• प्रशनपत्र निर्माण कार्यशाला सञ्चालन<br>• वार्षिक परीक्षाका प्रश्नपत्र र उत्तरपुस्तिकाहरु छपाई तथा विद्यालयमा वितरण<br>• वार्षिक परीक्षा सञ्चालन तथा अनुगमन<br>• गाउँपालिका स्तरीय कक्षा ५ र कक्षा ८ को उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन<br>• वार्षिक परीक्षाका सम्पूर्ण नतिजाहरु शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट<br>• माध्यमिक शिक्षा परीक्षा(SEE) अनुगमन<br>• २ जना छात्रलाइ एमविविएस अध्ययन सहयोग र दलित र जनजातिका बालबालिकालाइ छात्रबृत्ति सहयोग । |
| **स्वास्थ्य** | • सुत्केरी अति बिपन्न गरिब आकस्मिक दुर्घटनामा जीवन संरक्षणका लागि निशुल्क एम्वुलेन्स सेवा<br>• १७ जना विपन्न नागरिकलाइ रु.१ लाख बराबरको विपन्न नागरिक सिफारीस ।<br>• ८७ जना नागरिकलाइ रु.७लाख बराबरको बिपन्न नागरिक उपचार सहायता प्रदान<br>• १५ शैया आधारभुत अस्पत्तालको निर्माणको काम अन्तिम चरणमा<br>• ४ करोड लागतमा अर्मा स्वास्थ्य चौकीको भवन निर्माण सुरु<br>• १ करोड लागतको चाइनाबगर स्वास्थ्य चौकी निर्माण सुरु<br>• ५० लाख लागतमा गरायला स्वास्थ्य चौकी निर्माण सुरु<br>• ३८ लाखमा गोरुमारे स्वास्थ्य चौकी भवन निर्माण सुरु<br>• शुन्य मातृ मृत्युदर<br>• शुन्य बालमृत्युदर<br>• १५८३ किशोरीहरुलाइ पाठेघरको क्यान्सर बिरुद्धको HPV खोप संचालन ९२ प्रतिशत<br>• १३७ जना सुत्केरी तथा आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाइ जना रु.६५६३०० निशुल्क एम्वुलेन्स सेवा प्रदान<br>• ७४ जना गर्भवतिहरुलाई निशुल्क भिडियो एक्सरे सेवा<br>• मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५००० का दर उपचार सहायता जम्मा २५ जनालाई वितरण |

विर्ख बहादुर बिष्ट
अध्यक्ष

| | |
|---|---|
| | • ३२७ BCG र ४०५ जनालाइ दादुरा रुबेला खोप सेवा प्रदान<br>• २२२ जना संस्थागत सुत्केरी<br>• २९८१४ जना विरामीको स्वास्थ्य चौकी परिक्षण<br>• ४ जना शिघ्र कुपोषित बालबालिकाको सफल उपचार<br>• २५ लाख ९३ हजारको सानीभेरीका सबै स्वास्थ्य संस्थाहरु र आखा उपचार केन्द्रका |
| **खानेपानी तथा सरसफाइ** | • बुकीचौर लिफ्टिङ खानेपानी आयोजना संचालन<br>• INLINE CHLORINATION सहितका ११ वटै वडामा ११ खानेपानी आयोजना निर्माण । राङ्खोला लिफ्ट खानेपानी आयोजनाको दोस्रो बाट तेस्रो आरभिटीमा पानी तान्ने काम सम्पन्न<br>• सुस्वा आयोजना मार्फत INLINE CHLORINATIO N सहितका ७ वटा खानेपानी तथा स्वच्छता आयोजना निर्माण<br>• १५ वटा आयोजनाको वाटर क्वालिटी परिक्षण सेवाको सुरुवात<br>• गाउँपालिकालाइ पुर्ण सरसफाइ युक्त बनाउन सुधारिएको शौचालय निर्माण चाङ जुठेल्नो ब्यवस्थापन<br>• मर्यादित महिनावारी ब्यवस्थापनका कार्यक्रम संचालन<br>• एक घर एक धारा क्रमश सम्पन्न हुँदै<br>• स्यानिटरी प्याड निर्माण तालिम मर्मत सम्भार कार्यकर्ता तालिम पुर्ण सरसफाइ गोष्ठी आयोजना संचालन<br>• खानेपानी तथा सरसफाइ स्वच्छता ऐन तथा कार्यविधि निर्माण तथा तयारी |
| **संस्कृति प्रवर्द्धन** | • सानीभेरीको कला संस्कृतिको लागि कला संस्कृति र पर्यटन प्रवर्धन मञ्चसंग समन्वय सहकार्य भइरहेको |
| **यूवा खेलकुद तथा मनोरञ्जन** | • यूवा तथा खेलकूद सम्बन्धी ८ वटा कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएको<br>• सानीभेरीबाट विभिन्न विधामा प्रतिस्पर्धा गरी उपाधी चुम्न सफल खेलाडीलाइ सम्मान पुरुस्कृत गर्ने गरेको ।<br>• बेल्टापुमा खेलकुद विकास समितिको कार्यालय खडा गरी खेलकुद विकासको क्षेत्रमा प्रयत्न गरिरहेको<br>• विद्यालय देखिनै प्रतिभावान खेलाडी उत्पादन गर्नका लागि खेल प्रशिक्षकको ब्यवस्था गरिएको । |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | • स्थानीय बालअधिकार समिति गठन तथा परिचालन/वडास्तरीय बाल संरक्षण समिति गठन<br>• अनाथ बालबालिकालाइ रु २००० का दरले सामाजिक सुरक्षा कार्यक्रम<br>• १८८ जना विपन्न नागरिक बालबालिकालाइ रु.१०००० का दरले सामाजिक सुरक्षा कार्यक्रम<br>• आपतकालीन काल उद्धार कोष सहायता |

| | |
|---|---|
| | • जेष्ठ नागरिक भ्रमण तथा अवलकोन कार्यक्रम<br>• वडा तथा गाउँपालिकास्तरीय महिला सञ्जाल, बाल सञ्जाल गठन तथा अभिमुखीकरण सम्पन्न<br>• महिला तथा बालबालिकासम्बन्धी क्षमता विकास कार्यक्रमहरु सम्पन्न<br>• अति विपन्न व्यक्ति, गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान<br>• विभिन्न गैरसरकारी संघ संस्थाको सहयोगमा विपन्न बर्गलाई वीउपुजी तथा जीविकोपार्जन सम्वन्धी कार्यक्रम । |

## (ग) पूर्वाधार विकास

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल** | • ८ वटा विभिन्न सडक निर्माण कार्य सम्पन्न, झोलुङ्गे पुलतर्फ ४ वटा पुलको निर्माण कार्य भइरहेको<br>• ४ वटा विभिन्न आरसिसी पुल,काठे पुलहरु सम्पन्न भएको<br>• ग्रामीण सडकहरु मर्मत तथा सम्भार भई सडक यातायात सुचारु अवस्थामा राखिएको<br>• बल्लेबास मेलचौर सडक स्तोरोन्नतिको काम अन्तिम चरणमा रहेको । |
| **सिंचाई** | • ६ नयाँ साना सिंचाई योजना निर्माण सम्पन्न भएको |
| **भवन तथा सहरी विकास** | • भुकम्प क्षति भएका ६ वटा भवनहरुको निर्माण कार्य अन्तिम चरणमा<br>• भवन निर्माण मापदण्ड र नक्सा पास सुरु भएको<br>• ६ वटा वडा कार्यालयको भवन निर्माण सम्पन्न ।<br>• वडा नं.२ को भवन निर्माण कार्य सम्पन्न र ४ नं. वडाको को भवन निर्माणको कार्य अन्तिम चरणमा।<br>• गाउँपालिका प्रशासकीय भवन निर्माण समपन्न ।<br>• १५ शैया आधारभुत अस्पत्ताल भवन निर्माणको अन्तिम चरणमा<br>• नेरामावि घापाघारको अन्तिम भुक्तानी भइ भवन सम्पन्न भएको<br>• घरनक्सा पास तथा अभिलेखीकरणको काम तीव्र गतिमा अगाडि बढेको |
| **उर्जा, लघु तथा साना जलविद्युत** | • सबै वडामा केन्द्रीय विद्युत लाइन बिस्तारको काम सम्पन्न हुदै बाँकी भुभागमा अर्को आर्थिक बर्षमा सम्पन्न हुने |
| **सञ्चार** | • सबै वडामाएफ.एम रेडियो सुनिने र मोबाइल नेटवर्क पहुँच स्थापना भएको<br>• सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा भरपर्दो इन्टरनेट पहुँच विस्तार<br>• नेपाल टेलिकमसंग द्विपक्षीय सम्झौता भइ सबै वडामा नेपाल टेलिकमको नेट विस्तार गर्ने गृहकार्य भइरहेको ।<br>• पालिकाको सेवा र विकासमा जोड दिने जिल्ला स्थित छापा तथा अनलाइन संचार माध्यहरुलाइ निरन्तर सहयोग । |

सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

| | |
|---|---|
| | • रेडियो मौराखाराको स्तोरोन्नति र मर्मतका लागि अनुदान सहयोग तथा कार्यक्रम सहयोग |

### (घ) वातावरण तथा विपद् व्यवस्थापन

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| **वन तथा भु-संरक्षण** | • सामुदायिक वन उपभोक्ता महासंघसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न<br>• सामुदायिक वन ब्यवस्थापन गर्ने सम्वन्धमा जिल्ला वन कार्यालय संग अन्तरक्रिया कार्यक्रम सम्पन्न ।<br>• सानीभेरी -१ सोता बगरमा नदी नियन्त्रणका लागि तटबन्धन निर्माण |
| **जलाधार संरक्षण** | • पानीको मुहान संरक्षणका लागि बृक्षारोपणको सुरुवात<br>• दहनेटा पोखरी र अध्याचौर पोखरी गरी २ वटा पोखरी संरक्षण |
| **वातावरण संरक्षण, जलवायु परिवर्तन** | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन<br>• वडा नं.४ मा रिचार्ज पोखरी निर्माण |
| **फोहरमैला तथा ढल व्यवस्थापन** | • बजार क्षेत्रको फोहोर ब्यवस्थापनका लागि सुलिहाले सानीभेरी ९ मा डम्पिङ साइट निर्माण |
| **जलउत्पन्न प्रकोप नियन्त्रण** | • सुलिहाले र फुक्रु खण्डमा नदी नियन्त्रणका लागी तटबन्धन आयोजना कार्यन्नवयन भइरहेको । |
| **विपद व्यवस्थापन** | • ६३३५ को अस्थायी आवास निर्माणका लागि अनुदान<br>• ६०३८ घरधुरीको विस्तृत क्षति आकलन सम्पन्न<br>• आपतकालीन कार्यसन्चालन केन्द्र संचालन<br>• LDCRP DPRP LDCRF योजना निर्माण<br>• मनसुन जन्य क्षतिको राहत वितरण<br>• १८४१ घरधुरीको विस्तृत क्षति आकलनको नतिजा प्राप्त |
| **एम्बुलेन्स तथा वारुण यन्त्र** | • गाउँपालिका २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको |

### (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्षेत्र | • अपेक्षित नतिजा |
|---|---|
| **सामान्य सेवा** | • नियमित स्टाफ मिटिङ, मासिक स्टाफ मिटिङ तथा विशेष मिश्रित मिटिङबाट दैनिक सेवाप्रवाहका बारेमा छलफल गरी तत्काल समाधान गर्ने खालको संयन्त्र तयार भएको |
| **सुरक्षा व्यवस्थापन** | • कार्यालयको सुरक्षाका लागि नगर प्रहरी कार्यालय सहयोगीको व्यवस्था तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको |

| | |
|---|---|
| **सूचना प्रविधि** | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• राजस्व संकलनका लागि अनलाइन सफ्टवयर र सानीभेरी गा.पा. अस्पत्तालमा मेडिप्रो सफ्टवयर संचालन गरिएको ।<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA मा पूर्ण रुपमा EFT प्रयोग गरिएको ।<br>• अनलाइ राजस्व ब्यवस्थापन |
| **पञ्जिकरण व्यवस्थापन** | • अनलाइन घटना दर्ता नियमितता<br>• सामाजिक सुरुक्षा भत्ता इफटी मार्फत प्रदान<br>• पालिकाको खर्च ब्यवस्थापनमा बैंकलाइ वडा कार्यालय सम्म लिइ भत्ता वितरण<br>• प्रत्येक त्रैमासिक समयसिमा भित्र खातामा भत्ताँ निकासा<br>• सामाजिक सुरक्षालाइ प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली लागु । |
| **स्थानीय तथ्याङ्कसंकलन र अभिलेख व्यवस्थापन** | • शिक्षा र स्वास्थ्यको तथ्याङ्क संकलनका लागि प्रदेश सरकाको सहयोगमा एकीकृत तथ्याङ्क संकलन गरिएको ।<br>• मध्यमकालीमन खर्च संरचना तयार |
| **सुशासन प्रवर्द्धन** | • सबै आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय<br>• बेरुजु ०.९० झरेको । जिल्लामा बेरुजुमा दोस्रो स्थान हासिल गरेको<br>• कार्यसम्पादन मुल्याङकनमा ७२ अंक सहित जिल्लामा प्रथम र कर्णाली प्रदेशमा दोस्रो स्थान हासिल<br>• लिसामा ९६.७५ र वित्तीय जोखिम मुल्याङकनमा ९६.५० सहित उत्कृष्ठ रहेको ।<br>• असुल उपर गर्नुपर्ने रु.१० लाख २ हजार ४२ पैसा असुल उपर भइ बैंक दाखिला भएको । |
| **अनुसन्धान तथा विकास** | • प्रदेश सरकारको सहयोगमा सानीभेरी गाउँपालिकाको समग्र अवस्था सम्वन्धी प्रतिवेदन तयार भएको ।<br>• मध्यमकालीन खर्च संरचना निर्माण भएको । |
| **न्यायिक समिति** | • मेलमिलापकर्ता र न्यायिक समिति विच चौमासिक अन्तरक्रिया छलफल भएको।<br>• २० वटा उजुरी मध्ये १३ वटा उजुरी फछ्यौट भएको<br>• २० वटा इजलास बैंठक बसेको |
| **बहुक्षेत्रीय पोषण** | • बाखा पालन सम्वन्धी ब्यवसायिक तालिम संचालन<br>• वडा नं.११ ७ र २ मा ३०६ जना गर्भवती तथा सुनौलो हजार दिनका आमाहरुलाइ ३ हसे कुखुरा वितरण |

सानीभेरी गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

| | |
|---|---|
| **बित्तिय प्रगति** | • कुल विनियोजित बजेट रु.५२ करोड ५४ लाख ५३ हजार ६सय ४०<br>• कुल आम्दानी रु.४८ करोड ७१ लाख १२ लाख ७३ हजार<br>• कुल खर्च रु.४७ करोड ५७ लाख १८ हजार ७ सय ७१<br>• चालु खर्च रु.३९ करोड ९८ लाख ३३ हजार ८ सय ४० **९१.०३ प्रतिशत**<br>• पूजीगत खर्च १२ करोड ५६ लाख १९ हजार ८ सय **९०.२२ प्रतिशत** |

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७४

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

आज मिति २०८२ साल श्रावण ५ गते सोमवारका दिन सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) को आयोजनामा आ.व. २०८१/०८२ को बार्षिक समिक्षा कार्यक्रम गाउँपालिका अध्यक्ष श्री बिरबे बहादुर बिष्ट ज्युको अध्यक्षतामा तपशिलको उपस्थिति रहि समिक्षा कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति

(१) श्री बिरबे बहादुर बिष्ट — अध्यक्ष — सानीभेरी गा.पा. रुकुम (प

(२) श्री कमला रोका पुन — उपाध्यक्ष — सानीभेरी गा.पा. ''

(३) श्री दिपक बुढाथोकी — प्र.प्र.अ. — सानीभेरी गा.पा. ''

(४) श्री शेर बहादुर खड्का — वडा नं ३ अध्यक्ष — सानीभेरी गा.पा.

(५) श्री भूपाल सिं ओली — वडा नं ११ अध्यक्ष — सानीभेरी गा.पा.

(६) श्री मान बहादुर पुन — वडा नं २ अध्यक्ष — सानीभेरी गा.पा.

(७) श्री टेक बहादुर पुन — वडा नं १ अध्यक्ष — सानीभेरी गा.पा.

(८) श्री पहल सिं घर्ति — वडा नं ६ अध्यक्ष — सानीभेरी गा.पा.

(९) श्री जगदिश नकाल — वडा नं ५ अध्यक्ष — सानीभेरी गा.पा.

(१०) श्री कुल बहादुर बुढा — वडा नं ७ अध्यक्ष — सानीभेरी गा.पा.

(११) श्री प्रेम बहादुर वि.क. — वडा नं ८ अध्यक्ष — सानीभेरी गा.पा.

(१२) श्री देउमा भण्डारी — गाउँकार्यपालिका सदस्य — '' ''

(१३) श्री जिला खड्का मगर — गाउँकार्यपालिका सदस्य — सानीभेरी गा.पा.

(१४) श्री गिता वली — वडा नं ५ सदस्य — सानीभेरी गा.पा.

(१५) श्री बल बहादुर वि.क. — गाउँकार्यपालिका सदस्य — सानीभेरी गा.पा.

(१६) श्री भद्र बहादुर बुढाथोकी — वडा नं ४ सदस्य — सानीभेरी गा.पा.

१७) श्री रजनिश नायक — इन्जिनियर — सानीभेरी -१

१८ श्री गोपाल ओली — ना.प.से.प्रा — सानीभेरी -१

१९ श्री भुपेन्द्र पुन — २ नं वडा सचिव — सानीभेरी -२

२०. श्री कृष्ण प्रसाद ओली — मा.ले.प. — '' -११

२१ श्री लक्ष्मण पौडेल — नेत्र सहायक — चौरजहारी -३

२२) श्री विष्णु कुमारी खड्का मगर — ना.प.से.प्रा. — सानीभेरी -१

२३) श्री सुनिसा पुन — ना.प्रा.स. — सानीभेरी गा.पा.-१

२४) श्री [illegible] — प्रा०स — सानीभेरी गा.पा.-११

२५) श्री पंकज विष्ट० — ४ नं. वडा सचिव — सानीभेरी -४

२६) श्री नरेश बहादुर आले मगर — ६ नं वडा सचिव — सानीभेरी -६

श्री लक्ष्मण थापा — ५ नं वडा सचिव — सानीभेरी -५

श्री पवन कुमार [illegible] — स्वा.चौ.प्र.ई. — सानीभेरी -६

श्री गणेश खड्का — प्रशासन प्रमुख — सानीभेरी -३

श्री नारायण खत्री — सब इन्जिनियर — सानीभेरी -४

३२) श्री प्रशान्त रावत — ३ नं. वडा सचिव — सानीभेरी -३



...पा, रुकुम (प...
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ३३) | नन्दराम बुढा थोकी | पशु सेवा अधिकृत | सानीभेरी-०४ |
| ३४) | नैन सिंह नकाल | ६ पु | सानीभेरी ३ |
| ३५) | प्रजित विष्ट | इ.से. | सानीभेरी-२ |
| ३६) | गोपाल पुन मगर | १० नं. वडा सचिव | सानीभेरी-१ |
| ३७) | मोतिराम पुन | १०/११ ~~स्वास्थ~~ गा.पं.से.प्र | सानीभेरी-२ |
| ३८ | कमला के.सी | अ.सब इञ्जिनियर | सानीभेरी-४ |
| ३९, | भिमा बिष्ट | सव-इन्जिनियर | मुसिकोट न.पा १४ |
| ४०, | दुईडमल्ल के.सी. | पशु सेवा प्राविधिक | सानीभेरी गा.पा०-६ |
| ४१ | निर्मला भण्डारी के.सी | कृषि प्राविधिक | सानीभेरी गा.पा.१ |
| ४२. | भीमा पुन मगर | वर्ग स्वास्थ्य प्राविधिक | सानीभेरी-१ |
| ४३ | कोमल ओली | पोषण सहजकर्ता | सानीभेरी-5 |
| ४४. | विजय कुमार ओली | जनस्वास्थ्य निरीक्षक | सानीभेरी गा.पा. |
| ४५ | भुवन कुमार ओली | अ.सब इन्जिनियर | |
| ४६. | रुद्रगोपाल डाँगी | अ. सब इन्जिनियर | सानीभेरी गा.पा |
| ४७ | विर बहादुर पुन | अ. सब. इन्जिनियर - ४ नं. वडा कार्यालय | |
| ४८ | ओमा बडुवाल | स्वास्थ्य प्राथमिक कार्यालय | |
| ५०. | निमल रोका | कृषि विकास अधिकृत | सा.गा.पा-० |
| ५१ | देवराम चन्द | (प्रो.) प्रा०स्वा स्तर प्राविधिक | |
| ५२. | मनिसा शर्मा | वडा नं.८ सचिव | |
| ५३ | शारदा चौधरी | मा.वि.नि. न्यायिक समिति | |
| ५४. | रमिन ओली | वडा सचिव १४ नं. वडा | |
| ५५. | रमा विष्ट | ६ नं. वडा सचिव | |
| ५६ | किला शर्मा | शाखा प्रमुख महिला बालबालिका तथा जे. शाखा | |
| ५७ | भगवती कुमारी थापा | वडा सचिव १ | |
| ५८ | सुरस्वती वि.क. | बाल सहजकर्ता - सानीभेरी गा.पा/बालइकाई | |
| ५९ | शेर बहादुर ओली | बाल संयोजक - सानीभेरी बाल इकाई | |
| ६० | नविन आचार्य | प्राविधिक सहजकर्ता / बाल इकाई | |
| ६१ | पवित्रा नकाल के.सी | DMMILRP / बाल इकाई | |
| ६२ | दुर्गा वि.सी. के.सी. | सामाजिक परिचालक / बाल इकाई | |
| ६३ | मनिषा बुढा | " " " | |
| ६४ | विराजित वि.क. | " " / बाल इकाई | |
| ६५. | मानवीर ओली | बी.क.अ. सानीभेरी. गा. पा. रुकुम(प) | |
| ६६. | डा. प्रकाश शाह | प.वि.अ. सानीभेरी गा.पा. | |
| ६७. | विमला विष्ट भण्डारी | कार्यालय सहयोगी | |
| ६८ | मन्जोति रोका | वडा सचिव ८ नं. वडा | |



...पा, रुकुम (पश्...
कर्णाली प्रदेश, नेपाल
२०७२



सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष




गाउँ कार्यपालिकाको कार्यालय
सानीभेरी गाउँपालिका
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष




सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष




सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष




सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बिर्ख बहादुर बिष्ट
अध्यक्ष